आज मिति २०७५।१०।०३ गते दिनको १.०० वजे यस गोरखा नगरपालिका गोरखाका नगर प्रमुख श्री राजन राज पन्त ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो बैठकमा निम्न कार्यपालिकाका सदस्य ज्यूहरुको उपस्थिति रहेको छ।

उपस्थिति

| सि.न. | पद | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजनराज पन्त | [signature] | |
| २ | नगर उप प्रमुख | श्री विना कुमारी श्रेष्ठ | [signature] | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत वहादुर कुँवर | [signature] | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिँया | [signature] | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम वहादुर वोगटी | [signature] | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप वहादुर अधिकारी | [signature] | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री रामकुमार थापामगर | [signature] | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | [signature] | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | [signature] | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण वहादुर खत्री | [signature] | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल वहादुर कुँवर | [signature] | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री देवी वहादुर वस्नेत | [signature] | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री राम वहादुर खड्का | [signature] | |
| १४. | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल वहादुर थापा | [signature] | |
| १५. | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि वहादुर खनाल | [signature] | |
| १६. | वडा अध्यक्ष वडा नं. १४ | श्री राम वहादुर खड्का | [signature] | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री हरि वहादुर गान्धारी | [signature] | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | [signature] | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापामगर | — | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री विना कैनी | [signature] | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री गिता थापामगर | [signature] | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | [signature] | |
| २५ | प्रमुख प्रशासकिय अधिकृत | श्री कृष्ण कुमारी श्रेष्ठ | [signature] | |
| २६. | प्रशासकिय अधिकृत | श्री भिमसेन श्रेष्ठ | | |
| २७ | लेखा अधिकृत | श्री जब्बर बहादुर भण्डारी | | |
| २८ | ईन्जिनियर | श्री प्रकाश ढकाल | | |
| २९ | नायब सुब्बा | श्री राम कुमार श्रेष्ठ | | |

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

आज मिति २०७५।१०।०३ मा बस्ने कार्यपालिका बैठकको प्रस्तावहरुः

१.शोक प्रस्ताव तथा आर्थिक सहयोग सम्बन्धमाः

यस नगरपालिकामा कार्यरत सवारी (ट्याक्टर) चालक स्थायी कर्मचारी मिठु चौधरीको मिति २०७५।०९।२५ मा असामयिक निधन भएकोले स्व.आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने र स्व. मिठु चौधरीको काजक्रियाको लागि तथा घर दाङसम्म शव लैजानको लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

२. वडा नं. १४ स्थित प्यूघरबेसीमा आ.व. २०७४।७५ बैशाख १९ देखि सञ्चालनमा आएको प्यूघरबेसी स्वास्थ्य इकाई विधिवत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने सम्बन्धमा

३. गोरखा नगरपालिकाको चौथौ नगरसभाको लागि मिति तय गर्ने सम्बन्धमा ।

४. नगरपालिकाको स्वास्थ्य ऐन तर्जुमा गर्ने सम्बन्धमा (अस्पताल, स्वास्थ्य संस्था स्थापना) ।

५ यस नगरपालिका क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति, सामुदायिक भवनको अभिलेख अद्यावधिक गर्ने कार्यका लागि कार्यविधि निर्माण गर्ने सम्बन्धमा ।

६. यस नगरपालिका क्षेत्रभित्रको भाषा, संस्कृति र ललितकला संरक्षण सम्बन्धी कार्यविधि सम्बन्धमा

७. नगरस्तरीय खेलकूद कार्यक्रमका सम्बन्धमा ।

८. योजनाको लागि बजेट व्यवस्था गर्ने सम्बन्धमाः

क) नगरपालिका परिसरको चौतारा निर्माणको लागि आवश्यक अनुमानित रु. ५,००,०००।- (पाँच लाख) बजेट व्यवस्था गर्ने ।

ख) शिक्षा शाखा पार्टेशन गर्नका लागि आवश्यक अनुमानित रु. ५,००,०००।-(पाँच लाख) बजेट व्यवस्था गर्ने ।

९. घ वर्गको निर्माण इजाजत पत्र स्वीकृत गर्ने सम्बन्धमा

अनुपमा निर्माण सेवा, गो.न.पा.३

तेजवीर कन्स्ट्रक्सन, गो.न.पा. १२

राजनराज पन्त
प्रमुख

नगर कार्यपालिकाको कार्यालय
प्रिथ्वीडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

कृष्णप्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

मिति २०७५।१०।०३ गते बसेको कार्यपालिका वैठकको निर्णयहरु:

**निर्णय नं.१:**

प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिकामा सवारी (ट्याक्टर) चालक पदमा कार्यरत स्थायी कर्मचारी मिठु चौधरीको मिति २०७५।०९।२५ गते असामयिक निधन भएकोले स्व.आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै मृतकको काजक्रियाको लागि रु.५०,०००।- (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने र गोरखा अस्पतालदेखि स्व. मिठु चौधरीको घर दाङसम्म शव लैजान उद्योग वाणिज्य संघको शवबाहन प्रयोग गरिएकोले उद्योग वाणिज्य संघको विल बमोजिमको शवबाहनको शुल्क तिर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ स्थित प्यूघर बेसीमा आ.व. २०७४।७५ बैशाख १९ देखि सञ्चालनमा आएको प्यूघर बेसी स्वास्थ्य इकाइ विधिवत रुपमा सञ्चालन गर्नका लागि बाह्य खोप केन्द्र भवन निर्माण शीर्षकमा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. ३,००,०००।- (तीन लाख) बाट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिकाको चौथो नगरसभा (हिउदे नगरसभा) मिति २०७५।१०।२८ गते सोमबार बस्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाको लागि स्वास्थ्य ऐन निर्माण गर्नु पर्ने भएकोले तपशील बमोजिमको ऐन मस्यौदा समिति गठन गरियो । उक्त समितिले २०७५।१०।२० गते बस्ने कार्यपालिका बैठकमा उक्त मस्यौदा पेश गर्नु पर्नेछ ।

**तपशील:**

| | |
|---|---|
| सामाजिक विकास समितिको संयोजक, श्री रहमतुल्ला मिया | - संयोजक |
| श्री हरि बहादुर खनाल, वडाध्यक्ष वडा नं. १३ | - सदस्य |
| श्री अप्सरा रेग्मी, कार्यपालिका सदस्य | - सदस्य |
| श्री निश्चल अर्याल, स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति तथा सामुदायिक भवनको रेकर्ड अद्यावधिक गर्ने कार्यका लागि कार्यविधि निर्माण गर्नका लागि तपशील बमोजिमको सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री राम बहादुर खड्का, वडाध्यक्ष, वडा नं. ११ | - संयोजक |
| श्री रन्जिला श्रेष्ठ, कार्यपालिका सदस्य | - सदस्य |
| श्री हरि बहादुर गान्धारी, कार्यपालिका सदस्य | -सदस्य |
| ई. प्रकाश ढकाल, पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य सचिव |

राजनराज पन्त
प्रमुख

कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

निर्णय नं. ६
प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्रको भाषा, संस्कृति र ललितकला संरक्षण सम्बन्धी कार्यविधि निर्माण गर्नका लागि तपशील बमोजिमको सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री डिल बहादुर थापा, वडाध्यक्ष, वडा नं. १२ | -संयोजक |
| श्री विष्णु प्रसाद श्रेष्ठ, वडाध्यक्ष, वडा नं. ७ | -सदस्य |
| श्री गिता थापा, कार्यपालिका सदस्य | -सदस्य |
| श्री विजय उपाध्याय तिवारी, सामाजिक विकास शाखा प्रमुख | -सदस्य सचिव |

निर्णय नं. ७
प्रस्ताव नं. ७ मा छलफल गर्दा नगरस्तरीय खेलकूद कार्यक्रम अन्तर्गत १४ वटै वडाको सहभागिता हुने गरी तपशीलको मिति र स्थानमा फूटबल खेल सञ्चालन गर्ने निर्णय गरियो । सोको व्यवस्थापन नगरपालिकाले गोरखा जिल्ला फूटबल संघ र स्थानीय क्लब सुर्योदय युवा परिवार, छेपेटारको समन्वयमा गर्ने ।

तपशील:
मिति: २०७५।११।१७, १८, र १९ गते
स्थान: छेपेटार खेलकूद मैदान

निर्णय नं. ८
प्रस्ताव नं. ८ मा छलफल गर्दा समपूरक रकमबाट खर्च गर्ने गरी यस नगरपालिका परिसरमा रहेको चौतारा निर्माण गर्ने कार्यको लागि अनुमानित रु. ५,००,०००।- (पाँच लाख) र शिक्षा शाखामा पार्टेशन गर्नका लागि अनुमानित रुं ५,००,०००।- (पाँच लाख) व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ९
प्रस्ताव नं. ९ मा छलफल गर्दा अनुपमा निर्माण सेवा, गो.न.पा. ३ र तेजवीर कन्स्ट्रक्सन, गो.न.पा. १२ लाई 'घ' वर्गको निर्माण इजाजत पत्र स्वीकृत गर्ने निर्णय गरियो ।

राजनराज पन्त
प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बुङ्गिडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner